सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा (३) बमोजिम जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली मार्फत आ.व. २०८०।०८१ को चौथो त्रैमासिक अवधिमा भए गरेका कार्यक्रम/सेवा प्रवाह

# स्वतः प्रकाशन

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली

बागमती प्रदेश, नेपाल

**पृष्ठभूमिः-**

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने तर कानुन बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भनेर उल्लेख गरिएको छ । सोही नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा ३ र सूचनाको हक सम्बन्धी नियमावली २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक तोकिएका छन् । सूचनाको हकसम्बन्धी कानूनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता , जवाफदेहिता र विश्वसनियता को लागि नियमित रुपमा विवरण प्रकाशित (Proactive Disclosure) गर्ने क्रममा जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली आ.व. २०८०/०८१ को चौथो त्रैमासिक (२०८१ बैशाख, जेठ र असारसम्मको) सम्पादित कामको मुख्य मुख्य विवरण प्रस्तुत गरिएको छ।

**विषयसूची**


१. जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीको स्वरुप र प्रकृति

२. जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीको काम , कर्तव्य र अधिकार

३. जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीमा रहने कर्मचारी संख्या र कार्य विवरण

४. जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीबाट प्रदान गरिने सेवा

५. जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीको शाखा र जिम्मेवार अधिकारी

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

७. निर्णय गर्ने प्रक्रिया र अधिकार

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन नियम विनियम वा निर्देशिकाको सूची

१२. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१३. तोकिए बमोजिमका अन्य विवरण

१४. अघिल्लो आ.व. मा सन्चालित कार्यक्रमहरु

१५. जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीको वेभसाइट

१६. जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीले प्राप्त गरेको वैदशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण

१७. जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीले सन्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

१८. जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली रत्यस्ता सूचना संरक्षण गर्न तोकिएको समयावधि

१९. जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विवरण

२०. जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण


जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीमाढी, बागमती प्रदेश, नेपाल २०७२

राम कुमार कार्की
जिल्ला समन्वय अधिकारी

## १. जिल्ला समन्वय समितिको कार्यालयको स्वरुप र प्रकृतिः-

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरुले नेतृत्व गर्ने कार्यालय हो । नेपालको संविधानको धारा २२० मा भएको व्यवस्था बमोजिम जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न जिल्ला सभाको गठन भएको हो । जिल्ला सभाले एक जना प्रमुख एक जना उपप्रमुख कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहितको प्रतिनधित्व भएको एक जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने व्यवस्था रहेको छ । सिन्धुली जिल्ला समन्वय समिति, सिन्धुलीमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ । सिन्धुली जिल्ला समन्वय समितिको बैठक प्रत्येक महिनाको २१ गते नियमित रुपमा बस्ने गरेको छ भने आवश्यक्ताअनुसार अन्य बैठक समेत बस्ने गरेको छ । नेपालको संविधानका साथै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ।

## २. जिल्ला समन्वय समितिको काम कर्तव्य र अधिकार

**क) नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरु**

- जिल्ला भित्रका गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्वन्धी कार्यमा सन्तुलन कायमा गर्न र सोको अनुगमन को कार्य गर्ने,
- जिल्लामा रहने संघिय र प्रदेश सरकारी कार्यालय र गाँउपालिका र नगरपालिकाबीच समन्वय गर्ने,
- प्रदेश कानुन बमोजिमका अन्य कार्यहरु गर्ने।

**ख) स्थानीय सरकार सन्चालन ऐन, २०७४ बमोजिमका कार्यहरु**

स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९२ मा जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छ ।

- जिल्ला भित्रका गाउँपालिका वा नगरपालिकाबिचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सन्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको प्रभाविकारितातथा व्यवस्थापन विभिन्न चरणमा भनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,
- जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका विच समन्वय गर्ने,
- जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिका विच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन,अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय स्थानिय तहसम्बन्धी विपय हर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपालिकालाउइ समेत सुझाव दिने,

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली सिन्धुलीमाढी बागमती प्रदेश, नेपाल २०७४

राम कुमार कार्की
जिल्ला समन्वय अधिकारी

- आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने पदेश सरकारको मन्त्रालयलाई प्रत्येक आधिर्क वर्ष समास भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लावाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।

**ग) संघीय तथा प्रदेश कानून र नियमावली बमोजिमका अन्य कार्यहरु**

- नदीजन्य तथा खानीजन्य पदार्थ (ढुंङ्गा, गिट्टी, रोडा, चट्टान, माटो, दहत्तर-वहत्तर) उत्खनन, संकलन तथा बिक्री वितरण कार्यको जिल्ला अनुगमन समितिले गर्नुपर्ने कार्यहरू,
- जिल्ला परियोजना सल्लाहकार समितिले गर्नुपर्ने कार्यहरू,
- सुरक्षित आवास गृह (सेफ हाउस) सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यहरू,
- मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाको जिल्ला समन्वय समितिले गर्नुपर्ने कार्यहरू,
- जिल्ला स्थित कृषि, स्वास्थ्य, आयुर्वेद, पशु, शिक्षा लगायत विभिन्न विषयगत समितिहरूको जिल्लास्तरीय समितिले गर्नुपर्ने कार्यहरू ईत्यादी ।

**३. <u>जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीमा रहने पदाधिकारी/कर्मचारी संख्या र कार्यविवरण</u>**


जिल्ला समन्वय समितिका पदाधिकारीज्यूहरुको विवरण :

| सि.नं. | पदाधिकारीको नाम | पद | सम्पर्क |
|---|---|---|---|
| १ | कारसाङ लामा | प्रमुख | ९८४४०४२६८१ |
| २ | शान्ता कार्की | उप प्रमुख | ९८४४४२२३०० |
| ३ | दान बहादुर तामाङ | सदस्य (प्रवक्ता) | ९८६५१४३२७७ |
| ४ | सुर्य बहादुर तामाङ | सदस्य | ९८४३०११७१२ |
| ५ | पुष्पा कुमारी धामी | सदस्य | ९८११९९२४७० |
| ६ | बाल कुमारी मगर | सदस्य | ९८४८९४८४४८ |
| ७ | गोकर्ण सार्की | सदस्य | ९८४४३१६२५६ |
| ८ | सुनिता थापा मगर | सदस्य | ९८४०१४०००८ |
| ९ | उत्पल खड्का | सदस्य | ९८५१००७१८२ |
| १० | राम कुमार कार्की | सचिव | ९८५४०८७२२२ |

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीमाढी, वागमती प्रदेश, नेपाल २०७३

राम कुमार कार्की
जिल्ला समन्वय अधिकारी

## जिल्ला समन्वय समितिमा हाल कार्यरत स्थायी कर्मचारीहरुको विवरण:




| सि.नं. | कर्मचारीको नाम, थर | पद/श्रेणी | सम्पर्क |
|---|---|---|---|
| १ | राम कुमार कार्की | जिल्ला समन्वय अधिकारी | ९८५४०८७२२२ |
| २ | नर बहादुर मगर | शाखा अधिकृत | ९८४३९३०३९८ |
| ३ | तिलक बहादुर कार्की | लेखापाल | ९८४४०४०४७० |
| ४ | छवि लाल श्रेष्ठ | सव इन्जिनियर | ९८४७३५५३५९ |
| ५ | पुनम कुमारी मगर | नायव सुव्वा (स्वकिय सचिव) | ९८६०४८९७२३ |
| ६ | कुलध्वज बम्जन | खरिदार | ९८४४५५७४७२ |
| ७ | छेकु दोर्जे थिङ | हलुका सवारी चालक | ९८४३११२७४० |
| ८ | निमेश भण्डारी | हलुका सवारी चालक | ९८४९९९७४०४ |
| ९ | बल बहादुर भट्टराई | कार्यालय सहयोगी | ९८४४१४३१५२ |
| १० | नन्द कुमारी तामाङ | कार्यालय सहयोगी | ९००८७१३४३ |
| ११ | सरिता अधिकारी | कार्यालय सहयोगी | ९८६४०७७४३८ |

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली
सिन्धुलीमाढी
बागमती प्रदेश, नेपाल
२०७२

राम कुमार कार्की
जिल्ला समन्वय अधिकारी

## ४. जिल्ला समन्वय समिति बाट प्रदान गरिने सेवाहरुः

- नेपालको संविधान, स्थानीय सरकार सन्चालन ऐन २०७४ साथै संघीय र प्रदेश कानुन बमोजिम जिल्ला समन्वय समितिले निर्वाह गर्नुपर्ने सबै भूमिका तथा कर्तव्यहरू,
- जिल्लास्थित प्रादेशिक कार्यालयहरु तथा स्थानीय तहहरूबाट सम्पादन भएका योजना तथा कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गरी पृष्ठपोषण प्रदान गर्ने,
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को मूल्याङ्कन गरी नतिजा सार्वजनिक गर्ने,
- जिल्लास्थित सबै सरकारी तथा गैरसरकारी निकायहरुको वार्षिक समीक्षा कार्यक्रम आयोजना गर्ने,
- नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरण सम्बन्धी अनुगमन तथा नियमन गरी कानून वीपरीत भएमा कारवाही/जरिवाना गर्ने,
- बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन तथा समीक्षा गर्ने,
- जिल्ला समन्वय समितिबाट सम्पादन गर्नुपर्ने अन्य विविधि कामहरू ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | शाखा प्रमुख/फाँटवाला |
|---|---|---|---|
| १ | व्यवस्थापन शाखा | राम कुमार कार्की<br>जिल्ला समन्वय अधिकारी | नर बहादुर आले मगर |
| | सामान्य प्रशासन शाखा | | नर बहादुर आले मगर |
| | आर्थिक प्रशासन शाखा | | तिलक बहादुर कार्की |
| | भण्डारण शाखा | | कुलध्वज बम्जन |
| २ | अनुगमन तथा मूल्यांकन शाखा | | छवि लाल श्रेष्ठ |
| ३ | सचिवालय | | पुनम कुमारी मगर |

## ६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि

जिल्ला समन्वय समितिले प्रदान गर्ने सबै सेवा निःशुल्क रुपमा प्रदान हुने ।

## ७. निर्णय गर्ने प्रकृया र अधिकारः

- शाखासंग सम्बन्धित नियमित कामहरुको सम्बन्धित फाँटवालाबाट उठेका टिप्पणी जिल्ला समन्वय अधिकारबाट स्वीकृत हुने ।
- जिल्ला समन्वय अधिकारीले समिति वा प्रमुख समक्ष पेश गर्नुपर्ने उपयुक्त ठानेको विषय जिल्ला समन्वय समितिको प्रमुखबाट निर्णय हुने ।
- नीतिगत विषयका निर्णयहरु जिल्ला सभा तथा जिल्ला समन्वय समितिको निर्णयबाट हुने।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- कार्यालयको दैनिक कामकाज सम्वन्धमा भएको निर्णय सम्बन्धी उजुरी - जिल्ला समन्वय अधिकारी
- जिल्ला समन्वय अधिकारीको निर्णय सम्वन्धी उजुरी - जि.स.स. प्रमुख

राम कुमार कार्की
जिल्ला समन्वय अधिकारी

१. **<u>सम्पादन गरेका कामको विवरण (मिति २०८१ साल वैशाख देखी असार मसान्त सम्मको त्रैमासिक विवरण)</u>**

- संवत् २०८१ को नयाँ भित्ते पात्रो प्रकाशन गरेको । जिल्ला समन्वय समितिबाट सम्पादन भएका विभिन्न समयका विभिन्न गतिविधिहरू झल्किएको भित्ते पात्रो थान-५०० सबै कार्यालयहरु, जिल्ला समन्वय समितिहरू, मन्त्रालयहरूमा वितरण गरिएको ।
- आगामी आ.व. को प्रदेश सरकार तथा संघीय सरकारको वार्षिक कार्यक्रममा जिल्लाका स्थानीय तहहरूबाट माग भएका नयाँ आयोजनाहरूको सम्बोधनको लागि सम्बन्धित नियकाहरूमा सिफारिस तथा पत्राचार गरिएको ।
- यस कार्यालयको स्वामित्वमा रहेका पुरानो, टुटफुट र बेकम्मा भै मर्मत गरेर पुनःप्रयोगमा ल्याउन नसक्ने खालका पुराना सवारी (चारपाङ्ग्रे तथा दूईपाङ्ग्रे), मेशिनरी, हेभी इक्विपमेन्ट लगायत अन्य सम्पत्ति तथा जिन्सी मालसामानहरुको लिलाम बिक्री गर्ने प्रयोजनका लागि यान्त्रिक कार्यालयबाट प्राविधिक मूल्याङ्कन गराई लिलाम बिक्रीको प्रक्रिया अगाडी बढाएको ।
- साविक जिल्ला विकास समितिको कार्यालय, सिन्धुलीको पूरानो भवन भत्काई नयाँ भवन बनाउने सम्बन्धमा कार्यालयको कम्पाउण्ड भित्र रहेका वन पैदावार लिलामको लागि आदेश प्राप्त वन पैदावार (गोलिया काठ तथा दाउरा) को लिलाम बिक्री गर्ने कार्य भएको।
- यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत जिल्ला प्रोफाइल निर्माण कार्यका लागि तथ्याङ्क कार्यालय, सिन्धुलीको समन्वयबाट तयार पारिएको जिल्ला वस्तुगत विवरणको Digital Copy मा प्रकाशन पूर्व सरोकारवालाहरुसंग छलफलत तथा अन्तरक्रिया गरी थप परिष्कृत र अध्यावधिक विवरण सहित ३०० प्रति जिल्ला वस्तुगत विवरण प्रकाशन गरी विभिन्न निकायहरूमा वितरण गरिएको।
- बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडाको च.नं. ३०३४ मिति २०८१।०२।०१ को पत्रमार्फत आगामी आ.व. २०८१।०८२ को लागि जिल्ला समन्य समिति सहयोग कार्यक्रम अन्तर्गत यस कार्यालयको लागि रु.३५,००,०००/- (अक्षेरेपी पैंतिस लाख) स्वीकृत भएको र तोकिएको मार्गदर्शनमा आधरित रही खर्च शीर्षकगत कार्यक्रमको विवरण पठाउन भनी लेखी आएबमोजिम खर्च शीर्षकगत कार्यक्रम विवरण तयार गरी पठाईएको ।
- Plan International Nepal को आर्थिक तथा प्राविधिक सहयोगमा यस जिल्लामा सञ्चालित समुदाय केन्द्रित परियोजना (CCEP) परियोजनाले हालसम्म गरेको उपलब्धि, परियोजना सञ्चालन गर्दा आएका कठिनाईहरुबारे जानकारी गराउन तथा परियोजनाहरुलाई अझ प्रभावकारी बनाउने सम्बन्धमा २०८१ जेठ १४ गते जिल्ला परियोजना सल्लाहकार समितिको बैठक सम्पन्न ।
- तत्कालीन जिल्ला विकास समिति, सिन्धुलीको स्वामित्वमा रहेको श्री जिल्ला कार्यालय र जिल्ला पञ्चायत सचिवालय सिन्धुलीमाढीको नाममा जारी रहेको सिन्धुली जिल्ला साविक सिद्धेश्वर गा.वि.स. वडा नं. ६ कि.नं. १५८ क्षेत्रफल ०-१८-१८-२ भएको जग्गामा जग्गाको दक्षिणतर्फ आधा जग्गामा जिल्ला समन्वय समिति, सिन्धुली नयाँ प्रशासनिक भवन निर्माण कार्य भइरहेकोले नक्सा पाससम्बन्धी कार्यहरू गरेको।
- गणतन्त्र दिवस, २०८१ लाई केन्द्र, प्रदेश, जिल्ला तथा स्थानीय स्तरमा हर्षोल्लासका साथ मनाउने सम्बन्धमा यही जेठ १५ गते बिहान ७:०० बजे रेडक्रम कार्यालय भवन अगाडीबाट नगर परिक्रमा/प्रभातफेरी र साँझ ६:०० बजे लोकतान्त्रिक चोकमा सामूहिक दीप प्रज्वलन कार्यक्रम समस्त

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीमाढी, सिन्धुली, बागमती प्रदेश, नेपाल २०७३

राम कुमार कार्की
जिल्ला समन्वय अधिकारी

जिल्लावासी राष्ट्रसेवक कर्मचारीहरु, राजनीति कर्मी, नागरिक समाज, बुद्धिजिवी, पत्रकार, यूवा, विद्यार्थी, व्यापारी लगायत समस्त जनसमुदायको उल्लासमय सहभागीमा सम्पन्न ।

- यस कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम अनुसार जिल्लाका स्थानीय तहहरु तथा क्रियाशील गैरसरकारी संघसंस्थाहरूसंग वार्षिक तथा त्रैमासिक समीक्षा कार्यक्रम अन्तर्गत रही स्थानीय तहहरुको चालु आ.व. २०८०।८१ को बैशाख मसान्तसम्मको प्रगति समीक्षा कार्यक्रम २०८१ जेठ २९ गते सम्पन्न । कार्यक्रममा संघीय तथा प्रदेश माननीयहरूको आमन्त्रण, प्रस्तुतीकरणसहित प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत त्यस्तै गैरसरकारी निकायहरूको प्रमुख तथा प्रतिनिधिहरूको सहभागिता भएको ।
- सिन्धुली जिल्लाको फिक्कल गाउँपालिका वडा नं. ५ र तीनपाटन गाउँपालिका वडा नं. ११ ले बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९ बमोजिम पूरा गर्नुपर्ने सम्पूर्ण सूचकहरु पूरा भईसकेकोले प्रतिवेदन सहित अनुगमनको लागि पेश भएकोमा कार्यविधिको दफा २१ को उपदफा ४.ख बमोजिमको जिल्लास्तरीय अनुगमन समितिले जेठ १७ र १८ गते स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गरेको ।
- आदिवासी जनजाति आयोगका माननीय अध्यक्षज्यूको प्रमुख आतिथ्यतामा मिति २०८१ असार ०२ गते आदिवासी जनजातिको कानूनी अधिकार र स्थानीय तहमा आदिवासी जनजाति सम्बन्धि नीति तथा कार्यक्रम विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- यस जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुलीको नयाँ वेबसाईट सञ्चालनको लागि परीक्षणको चरणमा रहेकोमा उक्त वेबसाईटमा थप तथा अद्यावधिक गर्नुपर्ने कुराहरुलाई निरन्तरता दिदैं हाललाई प्रविष्टी गरिएका डाटासहितको वेबसाईट https://dccsindhuli.gov.np लिङ्कबाट सार्वजनिक गरिएको ।
- सिन्धुली जिल्लामा नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन, सङ्कलन र बिक्री सम्बन्धी जिल्ला अनुगमन समितिको बैठक २०८१ असार २५ गते सम्पन्न ।
- संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न योजनाहरुको अनुगमन कार्यहरू सम्पन्न ।

**१०. <u>सूचना अधिकारी र प्रमुखको नाम र पद</u>**

- कार्यालय प्रमुख :- जिल्ला समन्वय अधिकारी श्री राम कुमार कार्की
- सूचना अधिकारी :- खरिदार श्री कुलध्वज बम्जन

**११. <u>ऐन, नियम विनियम वा निर्देशिकाको सूची</u>**

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४
- गाउँ/नगर/जिल्ला सभा संचालन (कार्यविधि) ऐन, २०७३ (बागमती प्रदेश)
- जिल्ला समन्वय समितिको अन्य काम, कर्तव्य र अधिकार सम्बन्धी नियमावली, २०७५ (बागमती प्रदेश)
- वातावरण संरक्षण ऐन, २०७६ (संघीय सरकार)
- वातावरण संरक्षण नियमावली, २०७७ (संघीय सरकार)
- वातावरण संरक्षण ऐन, २०७७ (संघीय सरकार)
- ढुङ्गा, गिट्टी ,बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (नेपाल सरकार)
- नदिजन्य पदार्थ (संकलन र उपयोग) कार्यविधि, २०७५ (बागमती प्रदेश)
- स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली २०७७

राम कुमार कार्की
जिल्ला समन्वय अधिकारी

➤ प्रदेश पूर्वाधार साझेदारी विकास कार्यक्रम कार्यविधि नियमावली २०७८
➤ संघ, प्रदेश र स्थानीय तह वीच अन्तरसम्वन्ध सम्वन्धी ऐन २०७७

**१२. आम्दानी खर्च तथा आर्थीक कारोवार सम्वन्धी अध्यावधिक विवरण**

| सि.नं. | विवरण | प्राप्त रकम | खर्च भएको रकम | फिर्ता |
|---|---|---|---|---|
| १ | जि.स.स. चालु खर्च तथा कार्यक्रम खर्च अनुदान (संघ) | २,५५,०४,१३७/- | २, ३१,४६,००२/३६ | २३,५८,१३४/६४ |
| २ | जि.स.स. चालु खर्च तथा कार्यक्रम खर्च अनुदान (प्रदेश) | ३५,००,०००/- | ३३,७२,२६८/- | १,२७,७३२/- |
| ३ | प्रदेश सुशासन केन्द्र सहयोग | ४,४३,४००/- | ३,३१,८१०/- | १,११,५९०/- |
| ४ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ६०,०००/- | १६,६००/- | ४३,४००/- |

यस कार्यालयको धरौटी तथा राजश्व विवरणः-
आ.व. २०८०।०८१ मा मौज्दात रहेको धरौटी रकमः- ३३,३८,३९७।६३
आ.व. २०८०।०८१ मा प्राप्त राजश्व रकमः- २१,१२,४५१

**१३. तोकिए बमोजिमका अन्य विवरण**

- संघीय सरकार र प्रदेश सरकारका मन्त्रालय र विभागबाट प्राप्त परिपत्र र निर्देशन बमोजिमका कार्यहरु गर्ने गरेको ।
- विपद व्यवस्थापन समिति, लघु उद्यम विकास समिति, जिल्ला खानेपानी सरसफाई तथा स्वच्छता समिति, भूकम्प पुनर्निर्माण समन्वय समिति, प्राकृतिक स्रोतको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति लगायतका समितिमा तोकिए बमोजिम जि.स.स. को प्रतिनिधित्व गर्ने गरेको।
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को मूल्याङ्कन गरी नतिजा सार्वजनिक गर्ने,
- जिल्लास्थित सबै सरकारी तथा गैरसरकारी निकायहरुको वार्षिक समीक्षा कार्यक्रम आयोजना गर्ने,
- नदीजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन तथा बिक्री वितरण सम्बन्धी अनुगमन तथा नियमन गरी कानून वीपरीत भएमा कारवाही/जरिवाना गर्ने,
- बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन तथा समीक्षा गर्ने,
- जिल्ला परियोजना सल्लाहकार समितिले गर्नुपर्ने कार्यहरू,
- सुरक्षित आवास गृह (सेफ हाउस) सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यहरू,
- मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाको जिल्ला समन्वय समितिले गर्नुपर्ने कार्यहरू,
- जिल्ला स्थित कृषि, स्वास्थ्य, आयुर्वेद, पशु, शिक्षा लगायत विभिन्न विषयगत समितिहरूको जिल्लास्तरीय समितिले गर्नुपर्ने कार्यहरू ईत्यादी ।

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली सिन्धुलीमाढी बागमती प्रदेश, नेपाल २०७३

राम कुमार कार्की
जिल्ला समन्वय अधिकारी

**१४. अघिल्लो आ.व. मा सन्चालित कार्यक्रमहरु**

| |
|---|
| १. प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयन प्रतिवेदन |
| २. स्थानीय स्तरमा विपद् व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धी अन्तरक्रिया |
| ३. प्रदेश तथा स्थानीय स्तरीय विषयहरुमा समन्वय र सहजिकरण |
| ४. स्थानीय तहहरुले तर्जुमा गरेको कानुनहरुको अभिलेखिकरण सहितको जिल्ला सूचना र अभिलेख केन्द्र सञ्चालन तथा व्यवस्थापन |
| ५. जिल्ला प्रोफाईल निर्माण |
| ६. प्रदेश कार्यालयद्धारा सञ्चालित कार्यकम/आयोजनाहरुको अनुगमन तथा निरिक्षण |
| ७. प्रदेश जिल्ला स्तरीय कार्यालय तथा स्थानीय तहसँग वार्षिक तथा त्रैमासिक समिक्षा |

**१५. जिल्ला समन्वय समितिको वेभसाईट**

www.dccsindhuli.gov.np

**१६. जिल्ला समन्वय समितिले प्राप्त गरेको वैदेशिक सहायता ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण**

यस अवधिमा कुनै पनि प्रकारको वैदेशिक सहयोग र सम्झौता नभएको ।

**१७. जिल्ला समन्वय समितिले संन्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन**

नेपालको संविधान स्थानीय सरकार संन्चालन ऐन २०७४ मा तोकीए बमोजिमका कार्यहरु गर्न प्रत्येक महिनाको २१ गते जि.स.स. पदाधिकारीज्यू हरुको नियमित बैठक बस्ने गरेको र आवश्यकता अनुसार समय समयमा बैठक बस्ने गरेको। जि.स.स.ले जिल्ला भित्रका सरकारी तथा गैरसरकारी कार्यालय एवं संघ संस्थाको कार्य प्रगति सम्वन्धी गर्ने गरेको समिक्षाको प्रतिवेदन बागमती प्रदेशका सबै मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने गरेको।

**१८. जिल्ला समन्वय समितिले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

जिल्ला समन्वय समितिका सवै सूचनाहरु हेर्न सकिने व्यवस्था रहेको।

**१९. जिल्ला समन्वय समितिमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिईएको विवरण**

सूचनाको हक सम्वन्धी ऐन, २०६४ तथा सूचनाको हकसम्वन्धी नियमावली, २०६५ बमोजिम सरोकारवालाहरुबाट मौखिक तथा लिखित रुपमा माग भएका सूचनाहरु उपलब्ध गराईएको।

**२०. जिल्ला समन्वय समितिका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण**

जिल्ला समन्वय समितिका सवै गतिविधिहरु वेवसाईट, समितिको फेसवुक पेज र कार्यालयको सूचनापाटी मार्फत नियमित रुपमा अद्यावधिक गरी सूचना प्रबाह गर्ने गरिएको ।

धन्यवाद ।

जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुली
सिन्धुलीमाढी
बागमती प्रदेश, नेपाल

राम कुमार कार्की
जिल्ला समन्वय अधिकारी